# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

**स्थानीय राजपत्र**

| खण्ड १ | अंक: १ | माघ, २२ गते २०८२ साल | (संख्या: ०६) |
|---|---|---|---|

## भाग-१

नगर सभाको मितिः २०८२/१०/१९ मा स्वीकृत भएको देहाय वमोजिमको ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## "बर्दघाट नगरपालिकाको आर्थिक सहायता सञ्चालन तथा व्यवस्थापन ऐन , २०८२"

नगरपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मृगौला, क्यान्सर, पक्षघात तथा मस्तिष्क घात, मृत्यु सँस्कार, वेवारिशी शव लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिको सामना गरिरहेका नागरिकहरुलाई तत्काल  उद्धार तथा केही राहत उपलब्ध गराउन आवश्यक देखि आर्थिक सहायता कोष स्थापना र संचालन गर्न वाञ्छनिय भएकोले, बर्दघाट नगरपालिकाको विनियोजन ऐन  बमोजिम आर्थिक सहायता कोषलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न यो आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन ऐन २०८२ लाई नगरसभाको मिति २०८२।००।०० मा बसेको ... औं बैठकले स्वीकृत गरी लागु गरिएको छ ।

### परिच्छेद-१
### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐन को नाम आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन  बर्दघाट नगरसभाले स्विकृत गरि स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात तुरुन्त लागु हुनेछ ।

**२. पभिाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐन मा,

(क) “ऐन” भन्नाले बर्दघाट नगरपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन ऐन, २०८२ लाई जनाउनेछ ।

(ख) “नगर प्रमुख” भन्नाले बर्दघाट नगरापालिकाको प्रमुखलाई जनाउने छ ।

(ग) “उपप्रमुख” भन्नाले बर्दघाट नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(घ) “नगर सभा” भन्नाले बर्दघाट नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ङ) “नगर कार्यपालिका” भन्नाले बर्दघाट नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बर्दघाट नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

(छ) “कोष” भन्नाले नगरपालिकाको आर्थिक सहायता कोषलाई जनाउनेछ ।

(ज) “आर्थिक सहायता” भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, माहामारी जस्ता प्राकृतिक तथा गैह्र प्राकृतिक विपत लगायत मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्स, मष्तिष्कघात तथा पक्षघात जस्ता दीर्घरोगबाट पिडित नगरभित्रका अति विपन्न नागरिकको मृत्यु सँस्कार/वेवारिसि शव व्यवस्थापन गर्नको लागि तत्काल गरिने आर्थिक सहायतालाई जनाउनेछ ।

(ज) “मृत्यु सँस्कार वा वेवारिसि शव” भन्नाले नगरपालिकाभित्रका गरिवीको रेखामुनी रहेका मृत्यु सँस्कारकालागि न्यूनतम क्षमतासमेत नभएका र वेवारिसि अवस्थामा नगरक्षेत्रभित्र मृत्यु भई फेला परेका तथा वडा समितिको निर्णय सिफारिस भएका व्यक्ति बुझिनेछ ।

## परिच्छेद-२
## कोषको अवधारणा, लक्ष्य, उद्धेश्य र नीति

**३. लक्ष्यः**

प्राकृतिक तथा मानव सृर्जित विपदमा परेका व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलव्ध गराउन, विपन्न दीर्घरोगीहरु, अँगभँग भएकाहरुलाई तत्काल राहत सहयोग पुर्याउन र अप्रत्याशित स्थितिमा गरिने कार्यहरु गरि राहत उपलव्ध गराउनु नै कोषको लक्ष्य रहेको छ ।

बर्दघाट नगरपालिका

**४. उद्धेश्यः**

(१) विपन्न नागरिकहरुलाई तत्काल राहत उपलव्ध गराउने,

(२) आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने ।

(३) अति विपन्न/विपन्न घर परिवारलाई तत्काल राहत पुर्‍याउने ।

(४) वेवारिसी शवको तत्काल व्यवस्थापन गर्ने ।

(५) सडक मानवलाई राहत तथा मानवीय सहायता तत्काल व्यवस्थापन गर्ने ।

(६) अति विपन्न/विपन्न घर परिवारलाई मृत्यु सँस्कारमा तत्काल राहत पुर्‍याउने ।

**५. नीतिः**

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलव्ध गराई पुनःस्थापना तर्फ उन्मुख गराउने,

(२) नगरपालिकाको कार्यक्षेत्र भित्र परि भैपरी आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखीएको कार्य गरी क्षति न्यूनिकरण गर्ने,

(३) स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगी, दुर्घटनामा परि अंगभंग हुनेहरु लाई तत्काल राहत उपलव्ध गराउने,

**परिच्छेद-३**
**कोष स्थापनाः**

**६. कोष स्थापनाः** (१) आर्थिक सहायता कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**७. कोषमा जम्मा हुने रकमः**

(१) नगरसभाबाट आर्थिक सहायता कोषका लागि बार्षिक रुपमा विनियोजन हुने रकम,

(२) दातृ निकाय, गैह्र सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य श्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

**परिच्छेद-४**
**कोषको रकम परिचालन सम्बन्धी व्यवस्था**

**८. कोषबाट खर्च हुने क्षेत्रः**

(१) कोषबाट प्राकृतिक विपद्बाट भएका धनजनको क्षती र दीर्घरोग लागेका विपन्न सदस्यको उपचार खर्चको लागि आर्थिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(२) प्राकृतिक विपद् जस्तै आगलागी, बाढी तथा पहिरोको कारण धनजनको क्षती भएमा देहाय अनुसारको सहयोग उपलब्ध गराउन सक्नेछ ।

| | | सामाग्री तथा नगद सहयोग | |
|---|---|---|---|
| क्र.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षतिको विवरण) | तत्काल उपलब्ध गराउने | सहयोग गर्ने रकम रु. |
| १. | अशक्त विरामी औषधी उपचार वापत | तत्काल उपलब्ध गराउने | ५०००/- देखि -१००००/- |
| २. | मृत्यु सँस्कार | तत्काल उपलब्ध गराउने | ५०००/- देखि -१००००/- |
| ३. | मानवीय उद्धार | तत्काल उपलब्ध गराउने | बढीमा रु १००००/- सम्म |
| ४. | कार्यपालिकाको निर्णयानुसार | माग भएमा | रु १००००/- भन्दा बढी |

## ९. सहयोग माग गर्दा पेश गर्नु पर्ने कागजातः

(१) नगर कार्यपालिकाको कार्यालयमा दफा १० वमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) र (३) वमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(२) प्राकृतिक विपद्बाट धनजनको क्षती सन्दर्भमा पेश गर्नु पर्ने कागजातहरु

(क) निवेदन

(ख) सम्बन्धीत वडा कार्यालयको सिफारिस

(घ) औषधी उपचारको विल भरपाई

(ङ) वडा समितिको निर्णय अनुसारको सिफारिस

(च) विपन्नताको हकमा सम्बन्धीत वडा कार्यालयको विपन्नता प्रमाणीत सिफारिस पत्र

(छ) अन्य आवश्यक प्रमाणहरु

(३) नगरपालिकाले औषधी उपचारका लागि सहयोग उपलव्ध गराउँदा निम्न प्रकृया अवलम्न गर्नेछः

(क) सम्बन्धित व्यक्ति वा नीजका अभिभावक वा नीजको संरक्षकको निवेदन,

(ख) निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिह होम वा स्वास्थ्य किल्निक वा जाँच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपी वा रिफर गरेको कागजात, यस्ता कागजात निवेदन दिने मिति भन्दा १ एक महिना पुरानो भएमा मान्य हुने छैन ।

(ग) सम्बन्धित चिकित्सकले उपचारका लागि लेखी दिएका औषधीहरुको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण,

(घ) कडा रोग लागि अप्रेसन गर्नु पर्ने, कुनै अङ्ग फेर्नु पर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा मेडिकल वोर्डको सिफारिस सम्बन्धीत कागजातपत्र,

(ङ) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणीत सिफारिस पत्र

(च) मृत्यु सँस्कारको हकमा वडा समितिको सिफारिस

(छ) वेवारिसी शवको हकमा प्रहरी प्रतिवेदन

(ज) मानवीय उद्धारको हकमा आवश्यक कागजात/वडा समितिकिो सिफारिस

**११. आर्थिक सहयोगको निर्णयः**

(१) रु १० हजारसम्मको आर्थिक सहायता प्रदान गर्न देहायवमोजिमको समिति गठन गरिनेछ।

संयोजकः नगर प्रमुख

सदस्यः नगर उपप्रमुख

सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य-सचिवः महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख

(२) उक्त समितिको निर्णयबाट भएको आर्थिक सहायताको निर्णय अनुमोदन नगर कार्यपालिकाले गर्नेछ।

## परिच्छेद-५
## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१०. कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थाः**

(१) आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून वमोजिम हुनेछ।

## परिच्छेद-६
## विविध

**११. आर्थिक सहायत कोषको रकममा बृद्धि गर्न सक्ने**ः

(१) नगरपालिकाले नगरसभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यक्ता अनुसार बृद्धि गराउन सक्नेछ।

(२) जाँच पास तथा फरफारक (१) कोषबाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून वमोजिम हुनेछ।



बुद्धशान्ति नगरपालिका

**१२. ऐन को संशोधन र कार्यान्वयनः**

(१) यस ऐन लाई नगरसभाले आवश्यक परेमा संशोधन गर्न सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिका कार्यपालिकाले बनाउन सक्नेछ ।

**१३. बचाऊ र खारेजीः**

(१) यस ऐन मा व्यवस्था भएका कुराहरुको हकमा यसै ऐन  वमोजिम हुनेछ र यस ऐन मा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचानल, २०७४ स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून वमोजिम हुनेछ ।

(२) कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा नगरसभाले कोषलाई खारेज गर्न सक्नेछ ।

(३) यस अघि यस कोषबाट भए/गरेका खर्च रकम यसै ऐन वमोजिम खर्च भएको मानिनेछ ।

बर्दघाट नगरपालिका

**आज्ञाले,**

**(बाबुराम पौडेल)**

**प्रमुख प्रशासकीय अधिकृत**